# सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम प्रकाशित गरिएको विवरण




(२०८१ कार्तिक - पुष)

## आन्तरिक मामिला तथा कानून मन्त्रालय,

### कोशी प्रदेश, विराटनगर

२०८१ माघ

## १.	आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश, विराटनगर, प्रदेश सरकारको नीति निर्माण एवम् कार्यान्वयन गर्ने निकाय हो। नेपालको संविधानको अनुसूची ६ मा रहेको प्रदेश सरकारको अधिकारको सूचीबमोजिम यस मन्त्रालयले मूख्यत शान्ति सुरक्षा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, बिपद् ब्यवस्थापन, द्वन्द ब्यवस्थापन, कानून, न्याय, सञ्चार, यातायात तथा प्रदेश सभा मामिला र प्रदेश कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्दछ । प्रदेश सरकारको कामकारवाहीलाई सुव्यवस्थित र प्रभावकारी वनाउन शान्ति सुरक्षा साथै ऐन-कानूनको मस्यौदा तयार गर्ने, विभिन्न मन्त्रालयबाट राय माग भई आएका विषयमा सहमति प्रदान गर्ने लगायतका काम यस मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । यसका अतिरिक्त प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ तथा कार्य सम्पादन नियमावली, २०७९ ले प्रदान गरेको अन्य जिम्मेवारीसमेत सम्पादन गर्दै आएको छ ।

## २.	आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ का अनुसारआन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी यस प्रकार रहेको छ-

१.	प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति,कानून र योजना तर्जुमा तथा कार्यान्वयन,नियमन,सूचना सङ्कलन,मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,
२.	अतिविशिष्ट व्यक्ति,महत्वपूर्ण भौतिक संरचना,संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
३.	संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क,सम्बन्ध,सूचना आदान प्रदान र समन्वय,
४.	संघीय कानूनबमोजिम प्रदेश प्रहरी सञ्चालन,व्यवस्थापन र नियमन,
५.	प्रदेशभित्रको अपराध अनुसन्धान,सूचना सङ्कलन,रोकथाम,नियन्त्रण तथा समन्वय,
६.	लागू औषध तथा मानव बेचविखन नियन्त्रण,
७.	लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,
८.	अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन,विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षार एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त,थुनुवा वा कैदीको स्थानान्तरणसम्बन्धी,
१०. सामुदायिक प्रहरी,
११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
१२. विवाद व्यवस्थापन,
१३. संघीय मापदण्डबमोजिम हातहतियार,खरखजाना तथा विष्फोटक पदार्थको नियमन,
१४. निवारक नजरबन्द र स्थानहदसम्बन्धी,
१५. अन्तरप्रदेश सुरक्षा, यातायात, आपूर्ति समन्वय र सम्बन्ध,
१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन रव्यवस्थापन,
१७. विपद् व्यवस्थापन,जोखिम न्यूनीकरण,विपद् प्रतिकार्य,प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन,जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,
१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान,
१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,
२०. विपद् पूर्वसूचना प्रणाली सञ्जाल व्यवस्थापन र कार्यान्वयन,
२१. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
२२. प्रदेशस्तरमा सार्वजनिक बिदा,उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,
२४. अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको लागि सवारी साधन तथा आवास व्यवस्थापन,
२५. प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,
२६. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,
२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिसम्बन्धी,
२८. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन,नियम र गठन आदेशको तर्जुमा सुधार,
२९. अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,
३०. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,
३१. प्रदेश कानूनको एकीकरण, संहिताकरणतथा अभिलेख व्यवस्थापन,
३२. प्रदेश कानूनको प्रकाशन तथा वितरण,
३३. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

३४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन र प्रकाशनएवम् सबै सार्वजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

३५. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सबै प्रदेश मन्त्रालय र आयोगमा वितरण व्यवस्थापन,

३६. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र नीजि क्षेत्रसँग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्बन्धी कानूनी राय,

३७. संघीय तथा प्रदेश कानूनको कार्यान्वयन,

३८. मन्त्रालय र प्रदेश कानून बमोजिम गठित आयोग, निकाय रप्राधिकरणलाई कानूनी राय,

३९. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

४०. न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

४१. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा,सुविधा सम्बन्धी कानून तर्जुमा,

४२. प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

४३. प्रदेश सभासँगको समन्वय,

४४. प्रदेशस्तरको यातायातसम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४५. यातायात सम्बद्ध कार्यालयहरुको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एवं व्यवस्थापन गरी प्रदेशमा नागरिकलाईझन्झटरहित, बिचौलियारहित, अनियमिततारहितर सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण,सार्वजनिक यातायातको रुट अनुमति,चालक अनुमति र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,

४६. सवारी चालक अनुमती सम्बन्धी प्रत्येक ट्रायल परीक्षाको सीसी क्यामेरा वा भिडियो क्यामराको प्रयोगद्वारा भिडियो तयारी र सोको डिजिटल रेकर्डको व्यवस्थापन र परीक्षार्थीको फोटो सहितको पूर्ण डिजिटलयुक्त विवरण सहितको प्रतिवेदन र अनुगमन,

४७. प्रदेशभित्रसार्वजनिक यातायातकोमापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

४८. वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन तथा व्यवस्थापन,

४९. सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

५०. सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रणसम्बन्धी योजना निर्माण र कार्यान्वयन,

५१. प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,

५२. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

५३. प्रदेशभित्रसूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,

५४. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण रअनुगमन,

५५. प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तआवद्धता,सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्ट तथ्याङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूति,

५६. साइवर सुरक्षा अनुगमन,

५७. छापासञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्कन, बर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,

५८. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

५९. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

६०. प्रदेशस्तरीय प्रेस रजिष्ट्रारसम्बन्धी,

६१. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

६२. चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

६३. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गावा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा,कार्यान्वयन र नियमन,

६४. भूमी व्यवस्थापन, भू–उपयोग तथा चक्लाबन्दीसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

६५. प्रदेश संरचना निर्माणका लागि संघ वा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्वजनिक जग्गाको खोजी र प्राप्ति गर्ने । साथै,सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,

६६. संघीय सरकारबाट भूमि सम्बन्धी नक्सा, भौगोलिक सूचनार अभिलेख प्राप्त गर्ने विषय, प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

६७. नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना,

६८. क्रमबद्ध कित्ता नापी र भूमी लगतसम्बन्धी मापदण्ड र कार्यान्वयन,

६९. भूमिहीनकोजीविकोपार्जन र पुनःर्स्थापनासम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

७०. प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिनेवा उपयोग गर्ने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

७१. गुठी तथा गुठीजग्गा व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम्सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,

७२. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।

## ३. मन्त्रालयको संगठन संरचनाः

यस मन्त्रालयको विद्यमान स्वीकृत वर्तमान सांगठनिक संरचना अनुसार ४ वटा महाशाखा, १२ वटा शाखाहरु र ५९ जनाको दरवन्दी रहेको छ।

# आन्तरिक मामिला तथा कानून मन्त्रालयको संगठन संरचना र दरबन्दी विवरण

## मन्त्री

**मन्त्रीको सचिवालय**

शाखा अधिकृत-सतौं/आठौं(प्र./सा.प्र) - १

सहायक/अधिकृत-पाचौं/छैटौं (प्र./सा.प्र.) - १

## प्रदेश सचिव

रा.प.प्रथम -१

**सचिवको सचिवालय**

सहायक/अधिकृत-पाचौं/छैटौं (प्र./सा.प्र.) - १

### प्रशासन तथा योजना महाशाखा

उपसचिव/वरिष्ठ शाखा सचिव (नवौं/दशौं) - १

प्र./सा.प्र.

**प्रशासन तथा योजना शाखा**

शाखा अधिकृत(/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १

ना.सु./स.अधिकृत(प्र./सा.प्र.) पाचौं/छैटौं - १

कम्प्युटर अपरेटर/ स.क.अधिकृत (विविध) पाचौं/छैटौं - १

खरिदार(प्र.सा.प्र.) चौथो - १

कार्यालय सहयोगी (श्रेणी विहीन) - ७

हलुका सवारी चालक (श्रेणी विहीन) - ५

**भूमि व्यवस्थापन शाखा**

शाखा अधिकृत(/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १

नापी अधिकृत/वरिष्ठ नापी अधिकृत (इन्जि/सर्भे) सातौं/आठौं - १

ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - १

सर्भेक्षक (इन्जि/सर्भे) पाचौं - १

खरिदार (प्र.सा.प्र.) चौथो - १

**आर्थिक प्रशासन शाखा**

लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत(प्र./लेखा) सातौं/आठौं - १

लेखापाल/सहायक अधिकृत(प्र./लेखा) - १

### सञ्चार तथा सूचना प्रविधि महाशाखा

उपसचिव/वरिष्ठ शाखा सचिव (नवौं/दशौं) - १

प्र./सा.प्र.

**सञ्चार शाखा**

शाखा अधिकृत(/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र) सातौं/आठौं - १

ना.सु./स.अधिकृत(प्र./सा.प्र.) पाचौं/छैटौं - १

कम्प्युटर अपरेटर/ स.क.अधिकृत (विविध) पाचौं/छैटौं - १

**सूचना प्रविधि शाखा**

कम्प्युटर इन्जिनियर/प्रमुख कम्प्युटर इन्जिनियर (विविध) - १

कमप्युटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत (विविध) पाचौं/छैटौं - १

### यातायात व्यवस्था महाशाखा

उपसचिव/वरिष्ठ शाखा सचिव (नवौं/दशौं) - १

प्र./सा.प्र.

**प्राविधिक शाखा**

मेकानिकल इन्जिनियर (इन्जि/मे./निउस वा इन्जि/मे./जमे.) सातौं/आठौं - १

मेकानिकल सुपरभाइजर (इन्जि/मे./निउस वा इन्जि/मे./जमे.)पाचौं/छैटौं - ३

**यातायात व्यवस्था शाखा**

शाखा अधिकृत(/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १

ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - २

कम्प्युटर अपरेटर/ स.क.अधिकृत (विविध) पाचौं/छैटौं - १

खरिदार(प्र.सा.प्र.) चौथो - १

### शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

उपसचिव/वरिष्ठ शाखा सचिव (नवौं/दशौं) - १

प्र./सा.प्र.

**प्रहरी प्रशासन तथा अनुसन्धान शाखा**

शाखा अधिकृत(/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १

ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - १

**शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा**

शाखा अधिकृत(/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १

ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - १

**विपद् व्यवस्थापन शाखा**

शाखा अधिकृत(/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १

ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - २

खरिदार (प्र.सा.प्र.) चौथो - १

### कानून तथा प्रदेश सभा मामिला महाशाखा

उपसचिव कानून - १

न्याय/कानून

**कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा**

कानून अधिकृत (न्या../कानून.) - १

ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - १

कम्प्युटर अपरेटर/ स.क.अधिकृत (विविध) पाचौं/छैटौं - १

**प्रदेश सभा मामिला तथा कानून शाखा**

कानून अधिकृत (न्या./कानून) - १

खरिदार (प्र./सा.प्र.) - १

४. यस मन्त्रालयले प्रदान गर्ने सेवाहरु बुँदा नं. २ मा उल्लेख भएवमोजिम हुनेछ ।

५. यस मन्त्रालयबाट प्रदान गरिने सेवासम्वन्धी शाखा र जिम्मेवार अधिकारी निम्नअनुसार रहनु भएको छ।

## महाशाखा तथा शाखागत जिम्मेवार अधिकारी

१. प्रशासन तथा योजना महाशाखा: कमलबहादुर थापा (उपसचिव)
२. यातायात व्यवस्था महाशाखाः मानबहादुर देवकोटा (उपसचिव)
३. शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखाः मानबहादुर देवकोटा (उपसचिव)
४. कानून तर्जुमा महाशाखाः श्री विश्वदीप वेस्रा (कानून उपसचिव)
५. माननीय मन्त्रीज्यूको सचिवालय एवम् आर्थिक सहायता रुजु अधिकारीः श्री
६. प्रशासन तथा योजना शाखाः श्री सुभाष कार्की (वरिष्ठ शाखा अधिकृत)
७. प्रदेश सभा मामिला तथा प्रकाशन शाखाः श्री मञ्जु खड्का (कानून अधिकृत)
८. कानून तर्जुमा तथा फैसला कार्यान्वय शाखाः श्री सुनिल रेग्मी (कानून अधिकृत)
९. विपद् व्यवस्थापन शाखाः श्री सदानन्द भट्टराई ( वरिष्ठ शाखा अधिकृत)
१०. प्रहरी प्रशासन तथा अनुसन्धान शाखाः श्री प्रदीप सापकोटा (सहायक अधिकृत)
११. शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखाः श्री भीमा तिम्सिना (सहायक अधिकृत)
१२. सञ्चार तथा सूचना प्रविधि शाखाः श्री सौगात सम्वाहाम्फे (शाखा अधिकृत)
१३. भूमि व्यवस्थापन शाखाः श्री आदिप बस्नेत (सर्वेक्षक)
१४. यातायात व्यवस्थापन शाखाः श्री नारायण भण्डारी (शाखा अधिकृत)
१५. प्राविधिक शाखाः श्री बसन्त कुमार साह (ईन्जिनियर आठौं)
१६. आर्थिक प्रशासन शाखाः श्री भगवानमान श्रेष्ठ (अधिकृतस्तर आठौं)

## वार्षिक बजेट विनियोजन र हालसम्मको खर्चको अवस्था

| क्र. सं. | बजेट शीर्षक | विनियोजित | खर्चको स्थिति | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ३६९३४१००० | ६४९८८१६२ | १७.६०% |
| २ | पुँजीगत | ७२७८३७६०० | २२६७६८० | ०.३१% |
| ३ | वित्तीय हस्तान्तरण (स्थानीय तह) | - | - | - |
| ४ | जम्मा | १०९७१७८६०० | ६७२५५८४२ | ६.१३% |

## क्षेत्रगत बजेट विनियोजन र हालसम्मको खर्चको स्थिति

| विषयगत/आयोजनागत क्षेत्र | बजेट विनियोजन | हालसम्मको खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधि कार्यक्रम | २६२००००० | १८६५००० | ७.१२% | - |
| कार्यक्रम खर्च तर्फ (शान्ति सुरक्षा/विपद् व्यवस्थापन/यातायात व्यवस्था/भूमि व्यवस्था) | २४५८००००० | ३३२५१८०० | १३.५३% | - |

## ६. आ.व. २०८१/०८२ कार्तिक, मङ्सिर र पुष महिनामा यस मन्त्रालयबाट सम्पादित मुख्यमुख्य कार्यहरुः

| आयोजना/कार्यक्रम( बुँदा नं. सहित) | कार्यक्रम | हालसम्मको उपलब्धि | कैफियत |
|---|---|---|---|
| १३६. प्रदेशको शान्ती सुरक्षा व्यवस्थापनमा प्रदेश सरकारलाई संविधान प्रदत अधिकारलाई प्रभावकारी रुपमा प्रयोग गर्न प्रहरी समायोजनमा विशेष पहल गरी सुरक्षा निकायको भौतिक अवस्थाको सुद्दिढीकरण, सिमा सुरक्षा कार्यमा समुदायको परिचालन, सुरक्षाकर्मीको क्षमता विस्तारका कार्यक्रम सञ्चालन गर्ने । | सुरक्षा निकायको भौतिक अवस्थाको सुदृढीकरण | सुरक्षा निकायहरूको भौतिक संरचना निर्माण तथा मर्मतका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका निकायहरूबाट कार्यान्वयन गर्ने गरी बजेट बाँडफाँड भएकोमा भौतिक पूर्वाधार विकास मन्त्रालयको सहमति लिई रकमान्तर तथा कार्यक्रम संशोधनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट बाँडफाँडका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा पेस गर्ने गरी सहमति माग गर्न पत्राचार भएको। | |
| | किमाथान्का सीमा प्रहरी चौकी निर्माण र किमाथान्का सीमा नाका सिसिटिभी जडान (२ | संघीय निकायबाट सहमति प्राप्त भई आएकोले कार्यहरु कार्यान्वयनका लागि प्रदेश प्रहरी कार्यालय पठाउने तयारी गरिएको। | कार्यान्वयन गर्ने निकाय कोशी प्रदेश प्रहरी कार्यालय। |

| | | | |
|---|---|---|---|
| | करोड) | | |
| १३७. लागु औषध सेवन तथा ओसार पसार नियन्त्रण, मानव बेचविखन नियन्त्रण गर्न बलियो निगरानी प्रणाली स्थापित गरी सरकार, गैह्रसरकारी संस्था समुदाय तथा नागरिक समाजको सहकार्य र साझेदारी । | १३७. लागु औषध नियन्त्रण एवम् दुर्व्यसनीहरूलाई पुनर्स्थापना कार्यक्रम (१ करोड) | प्रदेश प्रहरी कार्यालयसँग कार्यक्रम कार्ययोजना माग गरिएको। प्रदेश प्रहरीसँगको सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्ने गरी तयारी गरिएको। | |

| **आयोजना/कार्यक्रम( बुँदा नं. सहित)** | **कार्यक्रम** | **हालसम्मको उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| १३८. सरकारी, सार्वजनिक तथा गुठी जमिनहरुको अभिलेख अद्यावधिक गरी त्यस्ता जमिनहरुको उचित संरक्षण गर्ने।<br>मालपोत तथा नापी कार्याल.यहरुको सेवा सुद्दिढीकरण। | प्रदेशभित्र अतिक्रमण भएको जग्गाको संरक्षण तथा व्यवस्थापन (१करोड) | बजेट समर्पण गरिएको। | |
| १४२. यातायात कार्यालयहरुको सेवालाई डिजिटलाइजेशन गरी सेवाग्राहीले अनलाईनवाटै राजस्व भुक्तानी लगायतको सुविधा उपयोग गर्न सक्ने र सवारी यातायात अभिलेख प्रणालीलाई | सवारी चालक अनुमती पत्र छपाई र वितरण प्रदेश तहबाटै गर्ने। (१० करोड) | नेपाल सरकारले नागरिक एपमा भएको सवारी चालक अनुमतिपत्रलाई मान्यता दिएकोले | |

| | | | |
|---|---|---|---|
| विधुतीय माध्यमवाटै व्यवस्थापन गरिने। | | हाललाई अस्थायी सवारी चालक अनुमतिपत्र दिने व्यवस्था गरिएको र स्मार्ट कार्ड छपाईको लागि मेसिन र कार्ड खरिदको प्रक्रिया स्थगित गरिएको। | |
| | सार्वजनिक यातायातमा डिजिटलाइजेसन प्रवर्द्धन (५० लाख) | सरोकारवालाहरुसँग छलफल गरी डिजीटलाईजेशन गर्ने मोडालिटी तयार हुँदै गरेको। | |
| | प्रतिक्षालय सुधार नमुना कार्यक्रम (५० लाख) | स्थान पहिचान, समन्वय तथा प्रारम्भिक छलफलको कार्यक्रम अगाडि बढेको। | |

| **आयोजना/कार्यक्रम( बुँदा नं. सहित)** | **कार्यक्रम** | **हालसम्मको उपलब्धि** | **कैफियत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १४५. निर्माणाधीन मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रहरुको निर्माण कार्य सम्पन्न गरिनेछ। थप स्थानीय तहहरुसँग समन्वय गरी सेवा केन्द्रहरुको विस्तार गर्न सम्भाव्यता अध्ययन गरिने। | निर्माणाधीन मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रहरुको निर्माण कार्य सम्पन्न गर्ने।( ८ करोड) | चालु आ.व. मा हालसम्म सम्बन्धित क्लष्टरका केन्द्रहरूबाट प्रगति विवरण सहितको बजेट माग भई आएपछि बजेट निकासा गर्ने गरी तयारी गरिएको। | |
| १४६. भारतीय सवारी साधनलाई पटके रुपमा रुट इजाजत पत्र जारी गर्नको लागि काकडभिट्टा, जोगवनी र भण्टाबारीमा बिट स्थापना । | भारतीय सवारी साधनलाई पटके रुपमा रुट इजाजत पत्र जारी गर्नको लागि काकडभिट्टा, जोगवनी र भण्टाबारीमा बिट स्थापना गरी सेवा विस्तार गर्ने। ( ५ लाख) | प्रदेश सरकारबाट विदेशी पर्यटक सवारी साधनको अस्थायी कर परमिट सम्बन्धी नियमावली, २०८१ जारी भई कार्यान्वयनमा आएको।<br><br>भन्सार कार्यालयको हाताभित्रै बाट एकिकृत सेवा प्रदान गर्ने सहमतिका लागि नेपाल सरकार अर्थ मन्त्रालयमा लेखी पठाएको। | |

| क्र.सं | प्रमुख उपलब्धि | कैफियत |
|---|---|---|
| १. | बुढीगंगा ट्रक पार्किङ स्थल संरचना निर्माण लाभ साझेदारी कार्यक्रम | प्रदेश सरकारबाट कार्यविधि स्वीकृत भएको।<br><br>भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी तयारी गरिएको। |
| २. | प्रकोप जोखिम क्षेत्रको विद्युतीय नक्साङ्कन | हाम्रो कन्सल्टेन्सी सेवा, फिदिम-२, पाँचथरसँग सम्झौता भई ११ जिल्लामा अन्तरक्रिया कार्यक्रम |

| | | |
|---|---|---|
| | निर्माण | सम्पन्न भएको र नक्शांकनको कार्य भईरहेको। |
| ३. | प्रदेश विपद् पार्श्वचित्र निर्माण | गाउँले कन्सल्टेन्सी सेवा, विराटनगर-३,सँग सम्झौता भई ११ जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको र पार्श्वचित्र निर्माणको कार्य भईरहेको। |
| ४. | विपद् खोज तथा उद्धार कार्यमा खटिने सशष्त्र प्रहरी/ नेपाल प्रहरीको लागि आवश्यक सामाग्री तथा उपकरण खरिद | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका लागि विपद् सामाग्री खरीद गर्न तत् तत् निकायबाट आएको माग बमोजिम स्फेसिफिकेशन र लागत अनुमान तयार गरी टेन्डर प्रक्रियामा जाने तयारी गरिएको। |

## ७. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :

यसमन्त्रालयबाट प्रदान गरिने सेवामा कुनै दस्तुर लाग्ने छैन।

## ८. निर्णय गर्ने प्रकृया र अधिकारी :

मन्त्रालयमा रहेका शाखाहरुको शाखा अधिकृत (सातौं/आठौं) तहले शुरु टिप्पणी उठान गरी आफूभन्दा माथिको महाशाखा प्रमुख (उपसचिव) समक्ष पेश गर्ने र उपसचिवले राय प्रतिकृयासहित मन्त्रालयको सचिव समक्ष पेश गर्नुपर्नेछ।मन्त्रालयको सचिवबाट सदर हुने हकमा सचिवबाट टिप्पणी आदेश सदर हुने र माननीय मन्त्रीज्यूबाट सदर हुने टिप्पणी आदेश प्रदेश सचिवको रायसहित माननीय मन्त्रीज्यूसमक्ष सदरका लागि पेश गरिने छ।नीतिगत निर्णयहरुको हकमा प्रदेश मन्त्रीपरिषदबाट निर्णय हुने गरेको छ ।

## ९. मन्त्रालय प्रमुख र सूचना अधिकारीको नाम थर र पदः-

**क) मन्त्रालयका प्रमुखः-** श्री कमलबहादुर थापा
पदः- नि. प्रदेश सचिव
मोवाइल नं. ९८५२०७००४५
Email: secretariat.moial@koshi.gov.np

**ख) प्रवक्ता :-** श्री विश्वदीप वेस्रा

पद : उपसचिव

मोवाइल नं. ९८५२०७००४७

**ग) सूचना अधिकारी :-** सुभाष कार्की

पदः- अधिकृत आठौं

मोवाइल नं. ९८४२१६१७४२

Email: planning.moial@koshi.gov.np

**घ) गुनासो सुन्ने अधिकारीः-** यस मन्त्रालयबाट प्रदान गरिने सेवा सम्वन्धमा कुनै गुनासो वा उजुरी भए सो सुन्ने अधिकारी मन्त्रालयको उपसचिवलाई तोकिएको छ ।

श्री विश्वदीप वेस्रा

पद : उपसचिव

मोवाइल नं. ९८५२०७००४७

**१०. यस मन्त्रालयको Website:** moial.koshi.gov.np

**Email:**moialprov1@gmail.com, info.moial@koshi.gov.np

:planning.moial@koshi.gov.np

:

yatayat.moial@koshi.gov.np

:disaster.moial@koshi.gov.np

:law.moial@koshi.gov.np